पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन उपेक्षित छ ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
EX: पो.ब.न ३९८७
सिंहदरबार, काठमाण्डौ

कर्मचारी प्रशासन शाखा

पत्र संख्या : क.प्र./वि.एस.सी./०७९/८० नं.८४४
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :

२०७९/९/२२

सूचना ! सूचना !! सूचना !!!

कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरुमा शैक्षिक सत्र २०७९-२०८३ मा B.Sc.Forestry विषय अध्ययनका लागि आवेदन सम्बन्धी पत्र प्राप्त हुन आएकोले संलग्न पत्र/सूचनाका आधारमा मिति २०७९।१०।६ गते भित्र इच्छुक र योग्यता पुगेका उम्मेदवारहरुले आफू कार्यरत कार्यालय मार्फत यस मन्त्रालयमा आवेदन गर्नु हुन आदेशानुसार सूचित गरिन्छ ।

७९।९।२२

(खेमराज काफ्ले)
शाखा अधिकृत

D:\SAGAR\SAGAR\Prashasan 2079-80\Letter\Letters 2079-08-01 To 2079-11-30.doc



फोन नं.-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.- ४२११८६८

# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय

च. नं. :- (शै.प्र.शा.) ४६८/०७९/०८० हेटौंडा, मकवानपुर

मितिः २०७९/०९/१७ गते

श्री वन तथा वातावरण मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

विषयः- विद्यार्थी मनोनयन गरी पठाई दिने वारे ।

प्रस्तुत विषयमा कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत यस वन विज्ञान संकायको शैक्षिक सत्र २०७९–२०८३ स्नातक तहको प्रवेश परीक्षाको नतिजा मिति २०७९/०९/०९ गते प्रकाशित भई मिति २०७९/०९/११ गतेबाट Counselling प्रकृयाबाट वन विज्ञान संकाय, हेटौंडा-मववानपुर र प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कटारी-उदयपुरको लागि भर्ना शुरु भईसकेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

सोही सन्दर्भमा त्यस मन्त्रालय र यस विश्वविद्यालय विच भएको MoU अनुसार स्नातक तहमा ५ (पाँच) जना (हेटौंडा-३ र कटारी-२) तोकिएको कोटामा मन्त्रालयबाट आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका व्यक्तिहरु मनोनयन भई आएमा यस संकायले भर्ना लिने सहमती भएको हुँदा यथाशिघ्र त्यस मन्त्रालयबाट उक्त तहमा अध्ययनको लागि विद्यार्थी मनोनयन गरी पठाई दिनु हुन अनुरोध गर्दछु।

प्रवेश परीक्षाको नतिजाको प्रमाणित फोटोकपि (पाना-७) यसै साथ संलग्न छ ।

( प्रा. सन्जय कुमार उपाध्याय )
निमित्त डीन
नि. डीन

बोधार्थः-

।१। श्री वन तथा जलाधार विभाग,
बबरमहल, काठमाण्डौ ।

।२। श्री वातावरण विभाग,
बबरमहल, काठमाण्डौ ।

।३। श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,
बबरमहल, काठमाण्डौ ।

।४। श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाण्डौ ।

।५। श्री वनस्पती विभाग,
बबरमहल, काठमाण्डौ ।